# विनियोजन विधेयक २०७८

## वेनिघाट रोराङ गाउँपालिकाको आर्थिक बर्ष २०७८/२०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७८/०३/३०

**प्रस्तावनाः वेनीघाट रोराङ** गाउँपालिकाको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम वेनीघाट रोराङ गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)**यस ऐनको नाम " वेनीघाट रोराङ गाउँपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन २०७८ श्रावण १ गतेवाट प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७८।०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**ः (१)आर्थिक वर्ष २०७८।०७९ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ८०,०१,५७,४५७- **(अक्षेरुपी असी करोड एक लाख सन्ताउन्न हजार चार सय सन्ताउन्न रुपैया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त वेनीघाट रोराङ गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका, विषयगत शाखा तथा वडा कार्यालय | ४६,०३,८७,००० | ३३,९७,७०,४५७ | | ८०,०१,५७,४५७ |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| | | जम्मा | ४६,०३,८७,००० | ३३,९७,७०,४५७ | | ८०,०१,५७,४५७ |

# वेनिघाट रोराङ गाउपालिका
## आय व्ययको विवरण
आ.व.२०७८/७९

अनुसूची-१

रु. मा

| शीर्षक | | आ.व.२०७६/२०७७ को यथार्थ | आ.व. २०७७/२०७८ को संशोधित अनुमान | आ.व.२०७८/२०७९ को अनुमान |
|---|---|---|---|---|
| **आयः** | | | | |
| **राजस्वः** | | | | |
| | आन्तरिक राजस्व | ७७,३९३,०९३।८४ | ११,२५०,८६८।८८ | १६,०५,६५,०००।०० |
| | राजस्व बाँडफाँडबाट प्राप्त रकम संघिय सरकार | ६७,४७७,६२८।६२ | ९४,५९२,०१०।०० | ९१,७३३,०००।०० |
| | राजस्व बाँडफाँडबाट प्राप्त रकम प्रदेश सरकार दहत्तर बहत्तर शुल्क समेत | २३,४०३,५८८।१० | ३६,३६९,९१६।७४ | २५,२२३,४५७।०० |
| | आन्तरिक श्रोत - बैंक मौज्दात : आन्तरिक श्रोत - नगद | ४३,१०४,८८२।२६ | २२,२९०,०२८।७० | २,०००,०००।०० |
| | अन्य निकायको अनुदान | | | ७००,०००।०० |
| | मालपोत | | | २,५००,०००।०० |
| | खानि तथा रोयल्टी | | | १,०००,०००।०० |
| | जम्मा | २११,३७९,१९२।८२ | ६४,५०२,८२४।३२ | २८,३७,२१,४५७।०० |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | | | |
| | नेपाल सरकार - समानिकरण अनुदान | १५८,५००,०००।०० | १५८,२००,०००।०० | १६४,७००,०००।०० |
| | नेपाल सरकार - सशर्त अनुदान | ३१,२८०,०००।०० | ५२,४९६,७४२।०० | २४७,९००,०००।०० |
| | नेपाल सरकार - विशेष अनुदान | १५,०००,०००।०० | २०,०००,०००।०० | १९,१००,०००।०० |
| | नेपाल सरकार - समपुरक अनुदान | ४०,०००,०००।०० | | २७,८००,०००।०० |
| | प्रदेश सरकार - समानिकरण अनुदान | १०,१७७,०००।०० | १०,२२९,०००।०० | १४,५११,०००।०० |
| | प्रदेश सरकार - शशर्त अनुदान | २,९१६,०००।०० | ७,२८४,०००।०० | १८,७१९,०००।०० |
| | प्रदेश सरकार - विशेष अनुदान | | ३,०००,०००।०० | ३,०००,०००।०० |
| | प्रदेश सरकार -समपुर अनुदान | १९,९५४,०००।०० | २५,०००,०००।०० | २०,७०६,०००।०० |
| | जम्मा | ४८७,८२७,०००।०० | ५१६,२०९,७४२।०० | ५१६,४३६,०००।०० |
| कुल जम्मा | | ६९९,२०६,१९२।८२ | ६८०,७१२,५६६।३२ | ८०,०१,५७,४५७।०० |
| **जनसहभागिताः** | | | | |
| | नगद सहभागिता | | | |
| | श्रम तथा वस्तुगत सहायता | | | |
| | | | | |
| **व्ययः** | | | | |
| | चालु खर्च | २९९,२२८,७१४।९३ | ३३७,०६१,४२८।२६ | ४६०,३८७,०००।०० |
| | पूँजिगत खर्च | ३०६,४५२,०२०।२५ | २०७,३७२,१५५।०० | ३३,९७,७०,४५७।०० |
| | | ६०५,६८०,७३५।१८ | ४४,४३३,५८३।२६ | ८०,०१,५७,४५७।०० |
| **बजेट बचत (+)/न्यून (-)** | | - | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| **वित्तीय व्यवस्था** | | | | |
| | **खुद ऋण लगानी** | | | |
| | ऋण लगानी (-) | | | |
| | ऋण लगानीको सावाँ फिर्ता प्राप्ती (+) | | | |
| | | | | |
| | **खुद शेयर लगानी** | | | |
| | शेयर लगानी (-) | | | |
| | शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | | | |
| | | | | |
| | **खुद ऋण प्राप्ती** | | | |
| | ऋणको साँवा भुक्तानी (-) | | | |
| | ऋण प्राप्ती (+) | | | |
| | | | | |
| **अन्तिम बजेट बचत (+)/न्यून (-)** | | | | |